जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

स.वि.दु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक १ २०८१ साल साउन ६ गते आइतवार (21 July 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : ओली नेतृत्वको सरकारमा ... **पृष्ठ ३ मा** : राजनीतिको मूल समस्या ... **पृष्ठ ४ मा** : दुई वर्ष नाघेका मुद्दाहरु ... **पृष्ठ ५ मा** : बचतकर्ताको रकम ...

# उपचार र उद्दारका लागि आएको टोली दाहसंस्कारको व्यवस्था मिलाउन व्यस्त



**राजविराज**/सुस्त मनस्थिति भएका एक युवकको उपचारका लागि उद्दार गर्नु अघि नै मृत्यु भएको छ । पहिचान खुल्न नसकेका अन्दाजी ३५ वर्षिय ती युवक शनिवार सप्तरी सदरमुकाम राजविराज ५ स्थित छिन्नमस्ता अस्पताल अगाडीको सडकमा मृत अवस्थामा फेला परेका थिए ।

सुस्त मनस्थिति भएका ती अपरिचित युवकलाई चोट पटक नलागोस् र अरुलाई दुःख नदिउन भनेर इन्सेक सप्तरीको पहलमा तीन दिन अघि मात्र स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराईएको थियो ।

रेखदेख गर्ने कोही आफन्त नभएकाले उनको उपचार, उद्दार र व्यवस्थापनका लागि इन्सेक सप्तरीका प्रतिनिधि मनोहर पोखरेलले पहल थालेका थिए । सोही क्रममा उनले सडकलाई अलपत्र परेका मानवबाट मुक्त र उनीहरुको उपचार गराई उचित व्यवस्थापन गर्ने क्षेत्रमा क्रियाशील जनकपुरस्थित मानव सेवा आश्रमका पदाधिकारीहरु सित सम्पर्क गरेका थिए ।

वेवारिसे अवस्थामा रहेका ती यूवकलाई उद्दार गरेर मानव सेवा आश्रम जनकपुर लान शनिवार आश्रमका सचिव सुमन वर्तोला, प्रतिनिधि रणवीर महतो, सन्तोष थापा मगर लगायतको टोली एम्बुलेन्स लिएर राजविराज आईपुगे ।

तर दुःखद संयोग उपचारका लागि उद्दार गरी लाने व्यक्तिको मृत्यु भइसकेको देखेपछि उद्दारकर्ता टोली चकित परे । उनको पार्थिव शरीर देखेर आश्रमका टोलीमा सहभागी व्यक्तिहरुको पनि आँखा रसाए । इन्सेक प्रतिनिधि पोखरेलका अनुसार गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराइएका ती व्यक्ति कुन बेला अस्पतालबाट बाहिरीए भन्ने कुरा डयूटीमा रहेका स्वास्थ्यकर्मीहरुले पनि चाल पाएनन् । रेखदेख गर्ने कोही आफन्त नभएकाले उनको निगरानीमा अस्पतालबाट लापारवाही भएको उनको कथन छ । अस्पतालमा भर्ना रहेका व्यक्ति सडकमा मृत भेटिनु लापारवाही नै हो उनले भने । मृतकको शव फेला परेको स्थानबाट उक्त अस्पतालको दुरी करिब ८ सय मिटर टाढा छ । उनको शव अहिले पोष्टमार्टमका लागि सोही अस्पतालको शव गृहमा राखिएको छ । मृतक व्यक्तिको दाहसंस्कार कसरी गर्ने भन्ने तर्फ आश्रमका टोली सहित आफुहरु खटेको पोखरेलले बताए ।

उनका अनुसार सडकमा अलपत्र परेका ती व्यक्तिलाई पहिलो पटक एक साता अघि सप्तकोशी नगरपालिका कार्यालयले सडकबाट उद्दार गरी गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराएको थियो । त्यसपछि कसैलाई थाहै नदिई अस्पतालबाट हिडेका उनको दोश्रो पटक शम्भुनाथ नगरपालिका सडक क्षेत्रबाट वडा अध्यक्ष दुर्गानन्द भगत र स्थानीय समाजसेवी रहमत अलीको सहयोगमा उद्दार गरी अस्पताल भर्ना गराइएको उनले बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

# सुरक्षा र अपराध रोक्न सीसीटिभी

**राजविराज**/नगरक्षेत्रमा सडक र सार्वजनिक स्थानमा हुने सबै गतिविधीमा निगरानी तथा अपराध रोक्न राजविराज नगरपालिकाले मुख्य बजार क्षेत्रको ठाउँ ठाउँमा सीसीटिभी क्यामेरा जडान गरेको छ ।

अपराध नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउन नगरपालिकाले जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वयमा नगरको विभिन्न स्थानमा १ सय २८ वटा सीसीटिभी क्यामेरा जडान गरेको हो ।

नगरमा सर्वाधिक चहल पहल हुने गजेन्द्र चौक, दशन चौक, अदालत रोड, रुपनी वस स्टेण्ड, पानी टंकी रोड, राजदेवी बस स्टेन्ड, सिरहा रोड, ज्वेलरी पसल क्षेत्र लगायतका स्थानलाई प्राथमिक्तामा राखी १ सय २८ वटा सीसीटीभी क्यामेरा जडान गएिको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले जानकारी दिए ।

आर्थिक वर्ष २०८०/०८१ को नगरसभाले नगरक्षेत्रमा सीसीटीभी क्यामेरा जडानका लागी ५० लाख रुपैया उपलब्ध गराउने निर्णय गरेको थियो । सोही बजेटबाट सीसीटीभी क्यामेरा जडान कार्य गरिएको उनको भनाइ छ ।

यद्यपी उक्त कार्यमा हाल सम्म ५० लाख ७५ हजार बजेट खर्च भएको उनले बताइन् । अपराध नियन्त्रण र अनुसन्धानमा सीसीटिभी क्यामेरा प्रभावकारी देखिएकाले नगरमा सीसीटिभी क्यामेरा जडान गरिएको उनको भनाई छ ।

क्यामेराले रातको समयमा पनि करिब ४ सय मिटरको दुरी सम्म सवारी साधन र मोटरसाइकलको नम्बर सजिलै पढ्न सकिन्छ, उनले भनिन्, “लामो समय सम्म नगरमा हुने गतिबीधीको डाटा स्टोर गर्न सक्ने क्षमता समेत भएको क्यामेराहरु

*बाँकी अन्तिम पृष्ठमा*

## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

## सम्पादकीय


### सिंचाईमा कहिले सुधार !

हरेक वर्ष सप्तरी जिल्लामा खेती गर्ने समयमा सिंचाईका कारण निकै नै समस्या हुने गरेको छ । जिल्लामा अधिकांश जनता कृषिमै आधारित रहँदा पनि यहाँको सिंचाई र कृषिमा अपेक्षा अनुकुलको अझै सुधार हुन सकेको छैन् । धान उत्पादनको दृष्टिकोणले महत्वपुर्ण रुपमा चिनिदै आएको यस जिल्लामा सिंचाई आवश्यकता अनुसारको सिचाईको सुविधा छैन् । समतल र उर्वराभुमि रहेको जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुदै आएको छ । तर, दुई दशकदेखी धानबालीसँगै अन्नबालीहरुको उत्पादन घट्दो छ । धानबाली र अन्नबालीको उत्पादनमा आउने कमीका कारण किसानहरु चिन्तित छन् ।

सिचाईको उचित व्यवस्था नहुँदा कृषि उत्पादनमा कमी आउदाँ समेत सम्बन्धित निकायले ध्यान पुऱ्याउन सकेको छैनन् । बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरीको मार खेप्दै आएका छन् । रोपाई गरेको धानबालीमा पानीको मात्रा कम भएकाले बालीको जुन किसिमले विकास हुनुपर्नेथ्यो त्यो हुन सकेको छैन् ।

यता सिचाईको आभावमा बर्षेनी कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो । तसर्थ यहाँका झण्डै ९० प्रतिशत जनता कृषिमै आश्रित रहँदा पनि यस क्षेत्रको उर्वरा शक्ति बढाउन तीनै तहका सरकार गम्भिर हुनु आवश्यक छ । सिंचाईको व्यवस्था मिलाउन सम्बन्धित निकायले उचित कदम उठाउनु आवश्यक छ ।

## ओली नेतृत्वको सरकारमा सप्तरीबाट दुई मन्त्रि





**राजविराज**/प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीच यही असार १७ गते भएको सहमतिसँगै एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएका छन् ।

नवनियुक्त प्रधानमन्त्री ओलीले सोमबार बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिए ।

नवनिर्मित सरकारमा सप्तरीबाट प्रतिनिधिसभा सदस्यद्वय नवलकिशोर साह सुडी र तेजुलला चौधरी मन्त्री बनेका छन् ।

सप्तरी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सुडी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री र क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित चौधरी युवा तथा खेलकुदमन्त्री बनेका छन् । मन्त्री सुडी अशोक राई नेतृत्वको जसपाका सांसद हुन भने चौधरी नेपाली काँग्रसका सांसद हुन्लस् ।

यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा सुडी वन मन्त्री थिए । लगत्तै बनेको ओली नेतृत्वको सरकारमा पनि उनलाई मन्त्रीमा निरन्तरता दिइएको हो ।

त्यस्तै चौधरी विगतका सरकारमा युवा तथा खेलकुद राज्यमन्त्री बनेका थिए र अहिले वर्तमान सरकारमा सोही मन्त्रालयको केबिनेट मन्त्री बन्न सफल भएका हुन् ।

यस्तै प्रधानमन्त्री ओली नेतृत्वको सरकारमा उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी, परराष्ट्रमन्त्री डा आरजु राणा, खानेपानीमन्त्री प्रदीप यादव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी मन्त्रि बनेका छन् ।

यसैगरी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, रक्षामन्त्री मानवीर राई, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही पनि मन्त्रि बनेका छन् ।

## पेट्रोल तथा डिजेल र मट्टितेलको मूल्य बढ्यो

**राजविराज**/नेपाल आयल निगमले पेट्रोल तथा डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगमले आगामी साउन १ गते बिहान १ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु चार तथा डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुँपैयाले वृद्धि गरेको हो ।

मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमशः रु एक सय ६८ रुपैयाँ ५० पैसा, एक सय ७० र एक सय ७१ तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर क्रमशः एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ र एक सय ६० कायम भएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दीपायल रहेका छन् ।

इण्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ ४८ पैसा र डिजेलमा दुई रुपैयाँ ८३ पैसाले बढेर आएकाले स्थानीय बजारमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिएको निगमले जनाएको छ । डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलिम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ ।


## तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिको मूल समस्या र समाधानको उपाय

**यज्ञ पोखरेल**

नेपालको राजनीतिमा नयाँ गठबन्धन बनेर पुरानो सरकार विस्थापित गरिएको छ । प्रतिनिधिसभाका दुई ठुला पहिलो र दोस्रो दल अनि अरु साना दलसमेत जोडेर नयाँ सरकार बनेको छ । नयाँ सरकार बन्दै गर्दा यो गठबन्धनका योजनाकारहरूले राजनीतिक स्थायित्वका लागि यो गठबन्धन बनेको भनिरहेका छन् ।

निवर्तमान सरकारले भ्रष्टाचारका फाइल खोल्दै कथित भीआईपीहरूलाई एकाएक गिरफ्तार गरिरहेको र त्यो क्रम अझ बढ्ने अवस्थाका बिचमा सरकार परिवर्तन भएको छ ।

ठुलो राजनैतिक परिवर्तन भएपनि नेपाली समाज गरिबी अभावबाट आज पनि आक्रान्त छ भने देश लक्का जवान सप्लाई गर्ने मुलुकका रूपमा परिचित हुँदै छ । अहिलेको गठबन्धनका योजनाकारहरूले राजनीतिक स्थायित्वको लागि नयाँ गठबन्धन र त्यसको लागि संविधान संशोधन अनि समानुपातिक निर्वाचन प्रणाली हटाउने आदि प्रचार गरेका छन् ।

नेपाली समाजको मूल समस्या राजनीतिक स्थायित्व मात्र हो कि अरू पनि हो ? यो प्रश्नको जवाफ खोज्न जरुरी छ। फेरि राजनीतिक स्थायित्वको लागि समानुपातिक निर्वाचन प्रणाली मात्र बाधक हो त ? यो आलेखमा यी प्रश्नको उत्तर खोज्दै नेपालको राजनीतिक सामाजिक रूपान्तरणका लागि अग्रगामी नयाँ विकल्प सुझाउने प्रयत्न हुनेछ ।

नेपाली राजनीतिको आजको मूल समस्या भनेको सुशासनको हो। आज पनि भ्रष्टाचार राजनीतिक आवरणमा र प्रशासनिक आवरणमा मौलाइरहेको छ । पञ्चायतीकालमा पनि यो समस्या थियो तर २०४६ पछि यो झन् खुल्ला रूपमा अगाडि बढेको छ । यसलाई अहिलेको संसदीय निर्वाचन प्रणालीले पूर्ण सहयोग गरिरहेको छ ।

यो समस्यालाई हल गर्नको सट्टा दुई ठुला दलहरू उत्पीडित जनतालाई अधिकार दिएको समानुपातिक निर्वाचन प्रणालीलाई बाधक देख्दैछन् । जनता बलियो हुँदा राष्ट्र बलियो हुने हो। त्यस कारण जनतालाई अधिकार दिने कुराले देश कहिले कमजोर हुँदैन। तर ठुला भनिएका दलहरू आफ्ना भ्रष्ट काला अनुहार छोप्न समानुपातिक निर्वाचन प्रणालीलाई दोष दिँदैछन् । जो सरासर गलत मात्र होइन यसले ढिलो चाँडो देशमा अर्को द्वन्द्व खडा गर्न सक्छ । सदियौँदेखि शासन सत्ता सञ्चालन गरेको कुलिन वर्गलाई जनतामा अधिकार गएको कुरा पटक्कै चित्त बुझेको छैन। अतः यस प्रकारका अफवाह फैलाएर आफ्नो निहित स्वार्थ पूरा गर्न एउटा वर्ग सक्रिय छ। जो कदापि पुरा हुँदैन ।

हो समस्या निर्वाचन प्रणालीमा छ । तर त्यो समस्याको समाधान गर्न पहिला समस्या कहाँबाट कसरी पैदा भयो त्यो पहिल्याउन जरुरी छ । समस्याको कारण नपत्याई गरिने निर्णयले एउटा खाडलबाट निकालेर अर्को खाडलमा लैजाने बाहेक अरू केही हुन सक्दैन । त्यस कारण आजको राजनीतिक सङ्कटलाई अग्रगामी समाधान गर्नका लागि निम्न काम गर्न दलहरू सहमत हुने कि नहुने ? आजको अवस्थामा यो गर्न सके नेपाली राजनीति केही सङ्लो भएर देश अलि अगाडि बढ्ने छ । त्यसको लागि-

१. हालसम्मका सबै राजनैतिककर्मी, निजामती र जङ्गीमा रहेका सबैको सम्पत्ति शुद्धीकरण गरौँ स्रोत नखुलेको सम्पत्ति जफत गर्ने हिम्मत गरौँ ।

२. सत्य निरूपण तथा बेपत्ता छानबिन सम्बन्धी विधेयक अनुमोदन गरेर कानुन निर्माण गरी शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न लागौँ ।

३. नागरिक स्तरबाट स्वतन्त्र र विज्ञ सम्मिलित शक्तिशाली आयोग गठन गरी अहिले सतहमा आएका र नआएका सबै काण्डहरूको छानबिन गरी दोषीलाई दण्डित गरौँ ।

४. संविधान संशोधन मार्फत निर्वाचन प्रणाली, शासकीय स्वरूप र सिमाङ्कनको समस्या समाधान गर्ने हिम्मत गरौँ ।

जसमा

क, प्रत्यक्ष निर्वाचित राष्ट्रपति/प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था ।

ख, संघ र प्रदेशमा जातीय र लैङ्गिक समानताका आधारमा पूर्ण समानुपातिक सानो आकारको एक सदनात्मक संसद निर्माण गर्ने ।

ग, संघ र प्रदेशमा विज्ञहरूको कार्यपालिका र संसदहरु मन्त्री बन्न नपाउने व्यवस्था निर्माण गरी व्यवस्थापिकालाई अधिकार सम्पन्न बनाऊ ।

घ, स्थानीय तहमा दलीय खिचातानिले धेरै काम अवरुद्ध हुने गरेका छन् त्यसको लागि स्थानीय तहमा दलविहीन निर्वाचन गरौँ ।

ङ, प्रदेशको सिमाङ्कन र नामाङ्कन पुनः मूल्याकन गरी सबै जातजातिको असन्तुष्टिलाई सम्बोधन गरौँ ।

५. न्यायालयको पुनर्संरचना गरी दलीय भागबन्डाबाट हैन खुल्ला प्रतिष्पर्धाबाट न्यायधीश नियुक्ति गर्ने व्यवस्था गरौँ ।

६. व्यवस्थापिका संसद प्रति उत्तरदायी शक्तिशालि अख्तियारको गठन खुला प्रतिस्पर्धा बाट गरौँ ।

७. अनावश्यक आयोग समिति, पिए सब खारेज गरौँ ।

८. रक्षा, परराष्ट्र र मुद्रा बाहेक सबै अधिकार प्रदेशमा दिने हिम्मत गरौँ ।

९. नेपाली नागरिकलाई फस्टमा स्वास्थ्य र क्रमशः शिक्षा पूर्ण निःशुल्क बनाउने, त्यहाँ राज्यको लगानी बढाउ ।

१०. बैक ब्याज कृषि उद्योग ५% सम्म उद्योग व्यापार ७% सम्म र आवास र सवारी साधनमा ९% सम्म ९.९% भन्दा माथि कुनै ब्याज लिन नपाउने नियम निर्माण गरौँ ।

११. सङ्घीय सरकार मेघा प्रोजेक्ट र नीति निर्माण, प्रदेश सरकार सम्पूर्ण विकास निर्माण र पूर्वाधार र स्थानीय सरकार स्थानीय उत्पादन बिक्री वितरण, प्रवर्द्धन, स्थानीय कला संस्कृतिको संरक्षण आदि गरी तीनतहको सरकारको कार्य विन्यास गरौँ ।

१२. कृषिमा नगद अनुदान हैन किसानलाई मल बीउ र औजारमा भारी छुट क्रमशः निःशुल्क, उत्पादित उपज स्थानीय सरकारमार्फत सरकार द्वारा खरिद गर्ने नीति बनाएर कार्यान्वयन गरौँ ।

१३. बन जङ्गल र ढुङ्गा माटो उपयोग सम्बन्धी कानुन बनाएर यसको प्रचुर उपयोग र आवश्यकता अनुसार निकासी पैठारी समेत खुल्ला गरौँ ।

१४. सबै दल सम्मिलित राष्ट्रिय सहमतिको सरकार निर्माण गरी यी काम गरी संशोधित संविधान मार्फत अगाडि जाने विकल्प नै अबको अग्रगामी विकल्प हो ।

नत्र गठबन्धन बनाउने भत्काउने कुराले सरकार परिवर्तन सम्म हुन्छ बाँकी झन् अस्थिरता बढ्दछ । रातोपाटीबाट












## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# दुई वर्ष नाघेका मुद्दाहरु सबै फछ्र्यौंट

**राजविराज**/उच्च अदालत जनकपुर राजविराज इजलासले दुई वर्ष नाघेका मुद्दाहरु शुन्यमा झारेको छ ।

उच्च अदालत जनकपुर राजविराज इजलासले बुधबार आर्थिक वर्ष २०८०/८१ को कार्य प्रगति विवरण सार्वजनिकरण गर्दै सो जानकारी दिएका हो ।

कार्य प्रगति विवरण प्रस्तुत गर्दै न्यायाधिश बिमल सुवेदीले दुई वर्ष पुरानो मुद्दा मध्ये गत वर्ष जिम्मेवारी सरेर आएको ६ वटा र यस वर्ष थप भएका ८ सय ३१ मुद्दा गरि कुल ८ सय ३७ वटै मुद्दा फछ्र्यौंट गरिएको जानकारी दिए । उनले लामो समयदेखी पुराना मुद्दाहरु थन्किएर रहेकोमा आ.ब. २०८०/८१ मा ती सबै मुद्दाहरु फछ्र्यौंट गर्न कानुन ब्यवसायी तथा न्यायाधिशहरुको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे ।



उनले मुद्दा अभिलेखतर्फ देवानी मिसिल ३९ हजार ५ र फैजदारी मिसिल १५ हजार ७ सय ८६ गरि जम्मा ५४ हजार ७ सय ९१ रहेकोमा हालसम्म ४८ हजार ५ सय ९४ को अभिलेख राख्न सफल भएको बताउँदै कम्प्युटरमा स्क्यान भएका मिसिलको संख्या ६ रहेको जनाए । सो अभिलेखमा सबैभन्दा पुरानो मिसिल २०३१ सालको रहेको जानकारी समेत दिए ।

यस्तै मेलमिलाफतर्फको मुद्दामा भने खासै उपलब्धी नरहेको उनको भनाई थियो । मेलमिलाफतर्फ गत वर्षको जिम्मेवारी सरेको ३ तथा नयाँ पठाएको १ सय ११ मुद्दा गरि १ सय १४ मुद्दामा जम्मा १ वटा मुद्दा मेलमिलाफबाट टुङ्गिएको बताए ।

यस्तै उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायाधिश बामदेव ज्ञवालीले आउँदो दिनमा मेलमिलाफबाट मुद्दा टुङ्गो लागाउनेतर्फ बढी ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाउँदै उनले आ.ब. २०८०/८१ मा ७९.९३ प्रतिशत मुद्दा फछ्र्यौंट भएको जानकारी समेत दिए ।

निवेदन/प्रतिवेदन तर्फ असार मसान्त सम्ममा जिम्मेवारी सरेको ३ सय १९, नयाँ दर्ता भएको ५ सय ६८ गरि जम्मा ८ सय ८७ मुद्दा मध्ये ७ सय ९ वटा मुद्दा फछ्र्यौंट भएको उनले बताए ।

यस्तै आ.ब. २०८१ असार सम्म मुद्दा फछ्र्यौंट गर्ने लक्ष्य ७७.१९ रहेकोमा ५२.३ प्रतिशत मुद्दा फछ्र्यौंट भएको उल्लेख गरे ।

सो अवसरमा अदालतका न्यायाधिशहरु, प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राती, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य, उच्च अदालत बार एशोसिएशनका अध्यक्ष हरेराम यादव, अदालतका रजिष्टार, सूचना अधिकारी, कर्मचारी, संचारकर्मी लगायतको उपस्थिती रहेको थियो ।

## मधेश प्रदेश सरकारमा काँग्रेस र लोसपा सहभागि

**राजविराज**/मधेश प्रदेश सरकारमा अर्थसहित चार मन्त्रालय लिएर नेपाली कांग्रेस तथा लोसपाले एक मन्त्रालय लिएर बिहीबार सहभागी भएको छ ।

कांग्रेसका सांसद सुनिल कुमार यादव अर्थमन्त्री नियुक्त भएका छन् । यस्तै कांग्रेस सांसद जनार्दन सिंह क्षेत्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, शेष नारायण यादव उर्जा, सिचाई तथा खानेपानी मन्त्री र कौशल किशोर राय श्रम तथा यातायात मन्त्री नियुक्त भएका छन् ।

यता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) की सांसद रानी शर्मा तिवारी शिक्षा तथा संस्कृती मन्त्रालय नियुक्त भएकी छन् ।

यसअघि एमालेका राजकुमार लेखी शिक्षा तथा संस्कृती मन्त्री थिए । लेखीलाई गृह तथा संचारमन्त्री तोकिएको छ ।

यस्तै जनमत पार्टीबाट विना विभागीय मन्त्री नियुक्त भएका सकिल मियाालाई उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय दिएको छ ।

## उच्च अदालत जनकपुरधाममा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौंट

**जनकपुर**/उच्च अदालत जनकपुरधामले तोकिएको लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौंट गरेको छ ।

जनकपुरधाममा पत्रकार सम्मेलन गरी अदालतले लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौंट भएको जनाएको हो ।

अदालतबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा अदालतलाई तोकेको लक्ष्यभन्दा एक सय ६४ दशमलव ५७ प्रतिशतले बढी मुद्दा फछ्र्यौंट मुख्य न्यायाधीश श्रीकान्त पौडेलले जानकारी दिए ।

उच्च अदालतलाई ती हजार सात सय २६ मुद्दा फछ्र्यौंट गर्न वार्षिक लक्ष्य तोकिएकामा लक्ष्यभन्दा एक हजार पाँच सय ३७ मुद्दा बढी फर्छ्यौट भएका उनले बताए । "उच्च अदालतले पहिलोपटक यति धेरै सङ्ख्यामा मुद्दा फर्छ्यौट गरेको हो । यो देशभरि नै उच्च हो भन्ने हाम्रो अनुमान छ । हामीले भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिसहित न्यायसम्पादनको काम गरेका छौं", मुख्य न्यायाधीश पौडेलले भने ।

उच्च अदालतमा पुराना तथा नयाँ गरी दुई हजार एक सय ३४ मुद्दा फछ्र्यौंट हुन बाँकी रहेका न्यायाधीश महेन्द्रनाथ उपाध्यायले बताए ।







# बचतकर्ताको रकम अपचलन गरेको आरोपमा संस्थाका सचिव पक्राउ



**राजविराज**/बचतकर्ताको दुई करोड भन्दा बढी रकम अपचलन गरेको आरोपमा राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव सिद्धार्थ तातेड पक्राउ परेका छन् ।

बचतकर्ताले जम्मा गरेको दुई करोड भन्दा बढी रकम नपाएको भन्दै प्रहरीले संस्थाका संचालक समितिका सचिवलाई पक्राउ गरेको हो ।

उक्त प्रकरणको अनुसन्धानका क्रममा प्रहरीले जनप्रतिनिधी समेत रहेका राजविराज ३ का प्रतिष्ठित औषधी व्यवसायी तातेडलाई पक्राउ गरेको जनाएको छ ।

विहीवार साँझ घरबाटै पक्राउ परेका तातेडलाई शुक्रवार सप्तरी जिल्ला अदालतले सहकारीको रकम ठगी तथा आपराधीक विश्वासघात मुद्दामा पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई अनुमती प्रदान गरेको छ ।

बि.स. २०८० साउन १९ गते बचतकर्ताको रकम फिर्ता नगरी संस्थाका सात जना संचालक सम्पर्कविहीन भएको भन्दै संस्थाका उपाध्यक्षासहित ४६ जना बचतकर्ताले उनीहरु विरुद्ध प्रहरीमा उजुरी दिएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सात सदस्यीय संचालक समितीमध्ये अध्यक्ष बेचन यादव र अन्य ५ जना संचालक सदस्य भने अझै फरार रहेको जानकारी दिए ।

संचालक समितीमाथी बचतकर्ताको १ करोड ३३ लाख २० हजार ८ सय २३ तथा संस्थाको ८८ लाख १७ हजार ६ सय ७७ गरी कुल २ करोड २१ लाख ३८ हजार ५ सय रुपैया घोटाला गरेको आरोप रहेको प्रहरीको भनाई छ ।

अनुसन्धानको क्रममा अदालतबाट संचालक समितीका सबै साते जना विरुद्ध पक्राउ पुर्जी जारी भएपछि तातेडलाई पक्राउ गरिएको र अन्य फरार आरोपितहरुको खोजी कार्य भईरहेको डिएसपी नेउपानेले बताए ।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए ।

राजविराज नगरपालिका वडा नं. ३ का निर्वाचित वडा सदस्य तथा राजविराज जेसिजका पूर्व अध्यक्ष समेत रहेका तातेड कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को संचालक समितीका सचिव हुन ।

यसअघि विदेशबाट आईएमईमार्फत पठाइएको विभिन्न ग्राहकको गरी १ करोड ७६ लाख रुपैया लिएर आईएमइ संचालक राजविराजका चर्चित ब्यापारी दाजु/भाई सुनिल सिन्धी र संजय सिन्धी फरार भएका थिए ।

सिन्धी दाजु/भाई अझै फरार छन । अघिल्लो वर्ष शाखा नै बन्द गरी फरार भएका सिन्धी दाजु/भाइ भारतमा लुकेर बसेका हुन सक्ने अनुमान गरिएको छ । प्रहरीले सिन्धी दाजु/भाइको पनि खोजी कार्य तिब्र बनाइएको जनाएको छ ।

# छुट्टाछुट्टै स्थानमा झुण्डिएको अवस्थामा युवायुवती फेला

**राजविराज**/ एकै दिन सप्तरीमा दुई युवायुवतीको शव छुट्टाछुट्टै स्थानमा झुण्डिएको अवस्थामा फेला परेको छ ।

सप्तरी प्रहरीका अनुसार जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका २ मा २७ वर्षिय कृष्ण विश्वकर्मा र रुपनी गाउँपालिका ६ मा १९ वर्षिया करुणा विश्वकर्मा आ-आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेका छन ।

अग्नीसाईर कृष्णासवरण गाउँपालिका २ चाँदनी बजारस्थित दीदीको घरमा बस्दै आएका कृष्ण आफु सुत्ने कोठामा सिलिङ्ग पंखामा डोरीको पासो लगाई आत्महत्या गरेको प्रहरीको भनाई छ । राती खाना खाएर सुतेका उनी विहान अवेर सम्म नउठेपछि झ्याल खोलेर हेर्दा डोरीले पासोलगाई झुण्डिएको देखेर भिनाजु शिव सुन्दर विश्वकर्माले प्रहरीलाई खबर गरेका थिए ।

भित्रबाट चुकुल लगाइ झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर पोस्टमार्टमा लागी गजेन्द्र नारायण सिह अस्पताल पठाई घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका ५ घर भएका विश्वकर्मा विगत १२ वर्षदेखि भिनाजुको रुपनी गाउपालिका स्थित ज्वेलरी पसलमा काम गर्दै आएका थिए ।

उक्त घटना भएको केही घण्टा नबित्दै रुपनी गाउँपालिका ६ तेरहौताकी १९ वर्षिया करुणा विश्वकर्मा आफ्नै कोठामा फलामको बलोमा सलको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परको प्रहरीले जनाएको छ ।

आत्महत्या गर्ने दुबै जना अविवाहित हुन । आत्महत्याको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसरी केही घण्टा कै फरकमा भएको आत्महत्याको उक्त घटना एक आपसमा जोडिएको हुन सक्ने स्थानीयले अनुमान ब्यक्त गरेका छन ।

जिल्लामा गत आर्थिक वर्ष ०८०/०८१ मा झुण्डिएर ६८ तथा विष सेवन गरेर २२ गरी ९० जनाले आत्महत्या गरेका थिए । चालु आर्थिक वर्षको पहिलो ३ दिन मै एकै दिन दुई जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।




अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी


## अन्तर्राष्ट्रिय समाचार

### चीनमा पुल खस्दा एघार जनाको मृत्यु, तीस बेपत्ता

**बेइजिङ**/भारी वर्षाका कारण उत्तरी चीनमा राजमार्ग अन्तर्गतको पुल नदीमा खस्दा एघार जनाको मृत्यु भएको छ भने तीस जनाभन्दा बढी बेपत्ता भएको सरकारी प्रसारणकर्ता सिसिटिभीले शनिबार जनाएको छ ।

प्रान्तीय जनसम्पर्क विभागलाई उद्धृत गर्दै आधिकारिक समाचार एजेन्सी सिन्ह्वाका अनुसार शुक्रबार राति करिब ८:४० बजेको भीषण वर्षाले निम्त्याएको आकस्मिक बाढीका कारण सानक्सी प्रान्तको साङ्लुओ नदीमा रहेको पुल भत्किएको बताएको छ ।

राजमार्गको पुल नदीमा खसेपछि "लगभग बीसवटा सवारी साधन र तीस जनाभन्दा बढी व्यक्ति", बेपत्ता भएको सिसिटिभीले बताएको छ ।

"हालसम्म उद्धार गरिएका पाँचवटा गाडीभित्र ११ जनाको शव फेला परेको हो", सञ्चारमाध्यामले बताएको छ ।

राज्यको टिभीमा सार्वजनिक गरिएको तस्बिरमा पुलको आंशिक भाग नदीमा डुबेको देखाइएको छ । उत्तरी र मध्यचीनमा मङ्गलबारदेखीको निरन्तर वर्षाले यहाँको भूभाग बाढीपहिरबाट प्रभावित भएको छ ।

राज्य सञ्चालित सञ्चारमाध्यमले शुक्रबार सानक्सीको बाओजी सहरमा आएको बाढीपहिरोबाट कम्तिमा पाँच जनाको मृत्यु भएको र आठ जना बेपत्ता भएको जनाएको छ । एजेन्सी

### गाजाको वातावरणीय नमूनामा पोलियो भाइरस फेला

**संयुक्त राष्ट्र संघ**/गाजाको वातावरणीय नमूनामा पोलियो भाइरस पत्ता लाग्नु गहिरो चिन्ताको विषय रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । तर हालसम्म पक्षाघात रोगको कुनै घटना नभेटिनु राहतको कुरा रहेको राष्ट्रसङ्घका मानवतावादीले शुक्रबार बताएका छन् ।

यो भाइरसले विशेष गरी खोप नलगाएका र शारीरिक रुपमा कमजोर बच्चाहरूमा पक्षाघात निम्त्याउन सक्ने जनाइएको छ ।

"विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले खान युनुस र देइर अल बलाह सहरबाट सङ्कलन गरेका छ वटा वातावरणीय नमूनामा पोलियोको दोस्रो भेरियन्टको भाइरस फेला परेको जनाएको छ", मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए)ले भन्यो, "हालसम्म कुनै पक्षाघातका घटना भने पत्ता लागेको छैन ।"

ओसिएचएले गाजाको आश्रय स्थानमा बढ्दो भीडभाड, सफा पानीको अभाव, सरसफाई र स्वच्छताको खराब अवस्थाले निम्त्याएको सङ्क्रामक रोगको फैलावटप्रति चिन्ता व्यक्त गरेको हो ।

डब्ल्यूएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले आफ्नो एजेन्सी, युनिसेफ, प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्र राहत, कार्य एजेन्सी (यूएनआरडब्लू) र गाजा स्वास्थ्य मन्त्रालयले पोलियो भाइरस सङ्क्रमणको दायरा बुझ्न यसको जोखिम मूल्याङ्कन गरिरहेको बताउनुभयो ।

उहाँले गाजाको स्वास्थ्य प्रणालीको विनाश, चिकित्सा आपूर्तिको अभाव, जनसङ्ख्याको निरन्तर विस्थापन, कमजोर सरसफाई, पानीको खराब गुणस्तर र सुरक्षाको अभावले पोलियोलगायत 'खोप-रोकथाम योग्य' रोगहरूको जोखिम बढाइरहेको चेतावनी दिनुभयो ।

गाजामा अक्टोबर ७ मा द्वन्द्व सुरु भएदेखि श्वासप्रश्वास नलीमा सङ्क्रमणका लगभग दशलाख घटना पुष्टी भएको र अन्य सङ्क्रामक रोगहरू बढ्दै गएको डब्ल्यूएचओको जुलाई ७ सम्मको अध्ययनले जनाएको छ । एजेन्सी

### बंगलादेशमा हिंसात्मक आन्दोलनका कारण प्रधानमन्त्री हसिनाको विदेश भ्रमण रद्द

**ढाका**/बङ्गलादेशमा प्रदर्शनकारी विद्यार्थी र प्रहरीबीचको झडपपछि प्रधानमन्त्री शेख हसिनाले विदेश भ्रमण रद्द गर्नुभएको छ । आन्दोलनले चर्को रुप लिँदै गएपछि मुलुकका विभिन्न सहरमा सैनिक तैनाथ गरिएको छ ।

अस्पतालका झडपमा अहिलेसम्म कम्तीमा १०५ जनाले ज्यान गुमाइसेका छन् । बङ्गलादेशमा जारी आन्दोलन नियन्त्रण गर्न प्रहरी असफल भएपछि प्रधानमन्त्रीको कार्यालयले गत मध्यरातबाट सेना परिचालन र कफ्र्यू आदेश जारी हो ।

सरकारले नागरिकको सहायताका लागि कफ्र्यु लगाउने र सेना तैनाथ गर्ने निर्णय गरेको प्रधानमन्त्री हसिनाका प्रेस सचिव नईमुल इस्लाम खानले बताउनुभएको छ ।

राजधानी ढाकाका सडकहरू शनिबार बिहानैदेखि सुनसान छन् । सेना र बख्तरबन्द कर्मचारी वाहकले गस्ती गरिरहेका छन् । यसै क्रममा कफ्र्यूलाई बेवास्ता गर्नेलाई प्रहरीले घर फर्काइ रहेको छ ।

कफ्र्यु आइतबारसम्म कायम रहने निजी प्रसारण च्यानल-२४ ले रिपोर्ट गरेको छ । प्रधानमन्त्री हसिनाको आइतबारका लागि तय भएको स्पेन र ब्राजिलको भ्रमण विद्यमान अवस्थाका कारण रद्द गरिएको उहाँका प्रेस सचिव खानले जानकारी दिनुभएको छ । एजेन्सी

# दर्ता भएको मुद्दाका आरोपीलाई पक्राउ गर्न माग

**राजविराज**/अदालतको परमादेश पछि दर्ता भएको मुद्दाको आरोपीलाई पक्राउ गर्न प्रहरीले सक्रियता नदेखाएको एक पीडितले गुनासो गरेका छन् ।

सप्तरीको राजगढ गाउँपालिका ३ निवासी श्याम नारायण यादवले शनिवार पत्रकार सम्मेलनको आयोजना गरी यस्तो गुनासो गरेका हुन ।

उनले व्यपार, व्यवसायको नाममा छिमेकी डा. विवेक कुमार झाले २५ लाख रुपैयाँ सापटी लिएको चार वर्ष हुन लाग्दासमेत एक सुको फिर्ता नगरेको भन्दै रकम असुल उपरका लागि अविलम्ब उनलाई पक्राउ गरी आवश्यक कानूनी कार्वाही प्रक्रिया अघि बढाउन माग समेत गरेका छन् ।

२०७७ सालमा डा. झाले लिएको रकमवापत दिएको चेक खातामा रकम नभई वाउन्स भएको र बैंकीङ्ग कसुरको जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय




सप्तरीमा जाँदा दर्ता गर्न आलटाल गरेपछि न्यायको लागि अदालतको शरणमा पुगेको उनले बताए । सो क्रममा उच्च अदालत जनकपुर-राजविराज ईजलाश समक्ष पुग्दा अदालतबाट परमादेश जारी भई गत असार १० गते मात्र प्रहरीले बैंकिङ कसुरमा मुद्दा दर्ता गरेको उनको कथन छ ।

प्रहरीले मुद्दा दर्ता गरेपनि अनुसन्धानका लागि डा. झालाई अहिलेसम्म नियन्त्रणमा नलिएको उनको भनाई छ । लामो समयसम्म वैदेशिक रोजगारीको शिलशिलामा मलेशियामा दिनरात खटेर जोडेको पैसा ठगेर डा. झाले बिच्चली बनाएको उनले पीडा पोखे ।

"दुई वटा छोरीको विहे गर्ने उमेर भइसक्यो, रकम नहुँदा बिहेवारीको कुरा पनि रोकिएको छ, उनले भने- यति मात्र होइन घर परिवार चलाउन पनि समस्या भएकाले अदालत र प्रहरी हुँदै सञ्चारकर्मी माझ आइपुगेका छौ ।"

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज न्यौपानेले अदालतको परमादेशबाट दर्ता भएको मुद्दा उपर कुनै भेदभाव न गरी प्रहरीद्धारा आवश्यक अनुसन्धान भइरहेको बताएका छन् । उनले अनुसन्धानका क्रममा डा. झालाई एक पल्ट झिकाईएको र बयानका क्रममा उनले त्यस्तो लेनदेन नगरेको चेक समेत नदिएको भनी दावी गरेकाले चेक हस्ताक्षर परिक्षण गर्ने काम भइरहेको बताए । निष्पक्ष ढंगले अनुसन्धान कार्य अघि बढेको दावी गर्दै उनले हस्ताक्षर प्रमाणीकरण कार्य सकिएपछि दोषी देखिएकालाई कानून बमोजिम कार्वाही हुने प्रतिबद्धता समेत व्यक्त गरे ।

### *सुरक्षा र ...*

जडान गरिएको छ ।"

रातको समयमा क्यामेराको भिजनलाई राम्रो बनाउन विभिन्न स्थानमा ५ थान उच्च क्षमता भएको फ्लोड लाइट र १३ थान मिनी फ्लोड लाईट समेत जडान गरिएको उनले जानकारी दिइन ।

यसरी जडान गरिएको सीसीटिभी क्यामेरा मध्ये ८५ वटा जिल्ला प्रहरी कार्यालय र बाँकी नगरपालिकाले निगरानी गर्ने योजना बनाइएको उनको कथन छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले अपराध नियन्त्रणमा प्रभावकारी भुकिका खेल्ने सीसीटिभी क्यामेरा जडानले नगरको गतिविधी सीसीटीभीको स्क्रिनबाट नियाल्न सहज भएको बताए ।

सडकबाट साईकल, मोटरसाईल चोरी देखी ठूला आपराधिक घटनाको अनुसन्धानमा पनि सीसीटिभी क्यामेरा प्रभावकारी हुने गरेको छ, उनले भने "विभिन्न कोणबाट घुम्न सक्ने र झण्डै ७/८ सय मिटर सम्म जुम गरी हेर्न मिल्ने क्यामेराले नगरमा शान्ति सुरक्षा र अपराध अनुसन्धानमा ठूलो मदत पुऱ्याउने छ ।" उनले जिल्ला प्रहरी कार्यालयमा एउटा छुट्टै कक्षको स्थापना गरी निगरानीका लागी मोनिटर र अन्य उपकरण जडान गरिएको जानकारी पनि दिए ।

शहरमा अपराध नियन्त्रणमा सीसीटिभी सर्भिलियन्स उत्तम उपाय मानिन्छ । नगरवासीको सुरक्षाका लागी नगरलाई सुरक्षा कवच भित्र राख्न नगरपालिकाले गरेको प्रयास प्रसंसनिय रहेको भन्दै नगरवासीले यसको नियमित रेखदेख र मर्मत सम्भारमा समेत नगरपालिका उत्तिकै सकृय रहनु पर्ने सुझाव दिएका छन् ।

### *उपचार र उद्दारका ...*

"अस्पतालमा भर्ना रहेका ती युवकलाई उपचारका लागि साउन ५ गते शनिवार जनकपुर लैजाने कुरा अस्पताल प्रशासन समेतलाई जानकारी गराएका थियौं, पोखरेलले भने "तर कसैले वास्ता नगर्दा यस्तो दुःखद घटना भयो ।" उनले उपचार र उद्दारका लागि ती व्यक्तिलाई लिन आएका टोली अहिले उनको अन्त्येष्टि गर्ने व्यवस्था मिलाउन खटिएको बताए । टोलीले शनिवार नै स्थानीय प्रशासन र सुरक्षा निकायका प्रमुखहरुलाई भेटेर ती वेवारिसे व्यक्तिको शव अन्त्येष्टि गर्नमा आवश्यक सहयोगका लागि आग्रह गरेको छ ।


## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*